
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ | ❑ अङ्क २१९ | ❑ श्रेणी क्षेत्रीय 'क' | ❑ २०८१ भदौं ४ गते मंगलबार | ❑ 20 Aug 2024 | ❑ पृष्ठ ४ | ❑ मूल्य रू. ५ ।-

## भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालनको तयारी

रासस
पोखरा, ३ भदौं



सरकारले राष्ट्रिय गौरवको आयोजना गौतमबुद्ध अन्तर र्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनका लागि कार्ययोजनासहित प्रक्रिया अगाडि बढाएको छ ।

निर्माण सम्पन्न भएर लामो समयदेखि नियमित अन्तर र्राष्ट्रिय उडान हुन नसकेका ती दुई विमानस्थल सञ्चालनका लागि सरकारले विभिन्न सेवामा एयरलाइन्सलाई सहुलियतलगायतका आकर्षक प्याकेज ल्याउने भएको हो । गत साउन २८ गतेको मन्त्रिपरिषद् बैठकले नागरिक उड्डयन क्षेत्रको समग्र सुधारसम्बन्धी कार्ययोजना स्वीकृत गरेको थियो । बैठकले गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनसम्बन्धी कार्ययोजनासमेत स्वीकृत गरेको हो । दुवै अन्तर र्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनमा ल्याउने सरकारको नीतिअनुरुप विमानस्थल सञ्चालनलाई सहजीकरण गर्न नेपाल आयल निगमले उक्त विमानस्थलबाट हुने अन्तर्राष्ट्रिय हवाई उडानमा प्रयोग हुने हवाई इन्धनको मूल्यमा छुट दिने निर्णय गरेको छ । निगमको सञ्चालक समितिको गत साउन ३१ गतेको बैठकले यही भदौ १ गतेदेखि लागू हुनेगरी हाल कायम रहेको हवाई इन्धनको बिक्री मूल्यमा प्रतिकिलोलिटर अमेरिकी डलर एक सय अर्को निणय नभएसम्मका लागि मूल्यमा कम गर्ने निर्णय गरेको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको छ ।

अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन गर्न हवाई इन्धनदेखि टिकट सहुलियत दिने सरकारको योजना छ । गत साउन ३१ गते प्रधानमन्त्रीको नेतृत्वमा सम्बन्धित मन्त्रालयका मन्त्री र पदाधिकारीसहित बैठक बसेको थियो । उक्त बैठकले दुईवटै विमानस्थल पूर्ण क्षमतामा सञ्चालन गर्ने विकल्प र उपायहरूबारे अध्ययन गर्न बनेको कार्यदलले दिएका सुझावका आधारमा सहुलियत दिनेबारे छलफल गरेको जनाइएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार दुई अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन हवाई टिकट, ग्राउन्ड ह्यान्डलिङ, हवाई इन्धनमा आगामी २०८३ साल भदौसम्म सहुलियत दिने कार्य योजना बनाएको छ । सरकारले पर्यटन बोर्डले प्रतिटिकट लिने शुल्क पनि उक्त समयभर दुई विमानस्थलको हकमा नलिने गरी सहुलियत दिने र हवाई टिकटमा लगाइएको भ्याट पनि विसं २०८३ भदौसम्म नलिने जनाएको छ । उद्योग वाणिज्य मन्त्रालयसँगको समन्वयमा काठमाडौँको विमानस्थलमा उपलब्ध हुने इन्धनको मूल्यभन्दा भैरहवामा सस्तोमा लिनेगरी कार्य योजना बनाइएको छ । अध्यागमन कार्यालय सञ्चालन, भिसा सेन्टरका लागि श्रम र परराष्ट्र मन्त्रालयले व्यवस्थापन गर्ने योजना रहेको मन्त्रालयले जनाएको छ । गत साउन १८ गते प्रधानमन्त्री ओलीले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र भैरहवास्थित गौतम बुद्ध अन्तर र्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन गर्नेबारे उच्चस्तरीय छलफल गर्नुभएको थियो । उक्त छलफलमा प्रधानमन्त्रीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको हालको उडान चाप तथा यात्रु व्यवस्थापनलाई ध्यान दिई दुवै अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालनका विकल्प र उपायबारे छलफल गर्नुभएको थियो । उहाँले दुई विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालनको वातावरण निर्माण गर्न निर्देशन दिनुभएको थियो ।

निर्माण भएको लामो समयसम्म दुई अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन नभएर घाटा बेहोर्नु परेको तथा काठमाडौँ विमानस्थलको क्षमताभन्दा बढी उडान र यात्रु व्यवस्थापन गर्नुपर्ने बाध्यता रहेकाले यसलाई गम्भीर रूपमा लिन प्रधानमन्त्री ओलीले आग्रह गर्नुभएको थियो । यसैबीच, आइतबार प्रधानमन्त्री केपी शर्मा ओलीसँग वायु सेवा सञ्चालकहरूले भेट गरी हवाई क्षेत्रका समस्याबारे छलफल गरेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा भएको भेटमा प्रधानमन्त्री ओलीले हवाई क्षेत्रको सुधारका साथै यस क्षेत्रमा देखिएका समस्या र समाधानका उपायबारे विमान सञ्चालकसँग परामर्श गर्नुभयो । प्रधानमन्त्री ओलीले हवाई सुरक्षा अभिवृद्धिमा ध्यान दिन वायुसेवा सञ्चालकलाई निर्देशन दिनुभएको थियो । यस क्षेत्रमा देखिएका समस्या समाधानका उपाय सुझाउन सञ्चालकलाई आग्रह गर्नुभएको थियो । उहाँले हवाई टिकटमा 'डलर फेयर'बारे चासो राख्नुभएको थियो । युरोपेली सङ्घ (इयू) ले नेपालको हवाई उडानलाई 'सेफ्टी' सूचीमा लगाएको प्रतिबन्ध हटाउन पहल गर्न पनि प्रधानमन्त्रीले सञ्चालकलाई आग्रह गर्नुभएको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरामा पर्यटकको तथ्याङ्क संकलन गर्ने तयारी

पोखरापत्र संवाददाता
पोखरा, ३ भदौं



पोखरामा आउने स्वदेशी तथा विदेशी पर्यटकहरुको तथ्याङ्क संकलन गरिने भएको छ । पोखरा महानगरपालिकाले सडक मार्ग हुदै पोखरा आउने पयटकहरुको तथ्याङ्क संकलन गर्ने अन्तिम तयारीमा रहेको पोखराका मेयर धनराज आचार्यले आइतबार एक कार्यक्रममा बताउनुभयो ।

पर्यटनको राजधानी घोषणा भएको पोखरामा पर्यटनको बृहत बिकास गर्न पनि पहिला तथ्याङ्क आवश्यक भएकोले त्यसको खोजिमा आफुहरु लागेको उहाँको भनाई थियो । पोखरा आउने पर्यटकहरुको हालसम्म कुनै निकायले पनि यथार्थ विवरण संकलन नगरेकोले केही समय पश्चात पोखरा आउने पर्यटकहरुको तथ्याङ्क संकलन सहित उहाँहरुले पोखरामा चाहेको बिषयलाई प्रश्नको रुपमा समेत राखिने भएको मेयर आचार्यले जनाउनु भयो । ट्रेकिङ्ग एजेन्सिज एसोसियसन अफ नेपाल (टान) गण्डकीको आयोजनामा ट्रेकिङ पोटल गाईड (पथ प्रर्दशक) ट्रेनिङ २०८१ दुई हप्ते तालिमको आइतबार समापन गदै मेयर आचार्यले पोखरामा पर्यटन पूर्वाधार बिकासमा प्रदेश सरकारको सहकार्यमा केही काम गर्न लागेको जनाउनु भयो । पथ प्रदर्शकले के कस्तो व्यावहार गर्नुहुन्छ, त्यसले नेपालको पर्यटन व्यवसाय जोडिएकोले अनुशासन हुन उहाँले आग्रह गर्नु भयो । नेपाल एकेडेमी अफ टुरिजम एन्ड होटल मेनेजमेन्ट (नाथुम) लाई पोखरामा ल्याउन तथा त्यसको शाखा पोखरामा विस्तार गर्न सुझाव दिदै मेयर आचार्यले आवश्यक सहयोग गर्ने बताउनु भयो । पोखरामा पद मार्गको संरक्षण गर्न रोयल ट्रेक पुनः मर्मत गर्ने उहाँले जनाउनु भयो । हरेक देशमा भएका बस्तुलाई पर्यटनसंग जोड्नुपर्नेमा मेयर आचार्यको जोड दिनु भयो । पोखरा सबै सिजनको गन्तव्य बनाउन पर्यटनको राजधानि घोषणा हुनुले मद्धत पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । नाथुमका कार्यकारी निर्देशक संगिता ओझाले पर्यटनमा स्वच्छ प्रतिष्प्रर्धा गर्न आग्रह गर्नु भयो । पोखरामा उपयुक्त वातावरण भए नाथुमको शाखा बिस्तार हुन सक्ने उहाँले आशय व्यक्त गर्नुभयो । नाथुमले देशमा करिब ६२ हजार जनशक्ति उत्पादन गरेको ओझाको दाबी छ। पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले गाईड पोटल पर्यटन उघोगमा महत्वपूर्ण भूमिका रहेको बताउनु भयो । २०२५ मा पोखरामा १५ लाख पर्यटक भित्राउन स्वदेश र विदेशमा प्रचार प्रसार गर्न आवश्यक भएको उहाँले बताउनु भयो । परिषदलाई जिम्मा दिए २० लाख पर्यटक भित्राउने अध्यक्ष श्रेष्ठले दाबी गर्नुभयो । पूर्व अध्यक्ष डम्मरबहादुर केसीले पोखरालाई पर्यटनको राजधानि घोषणा भए पनि नयाँ पर्यटन पूर्वाधार निर्माण नभएको गुनासो गर्नुभयो । तालबराही माविका प्राचार्य तारा पोखरेलले बिद्यालयमा हस्पिटालिटि म्यानेजमेन्ट कोर्ष संचालन गर्दै आएको जनाउनु भयो ।

प्रथम उपाध्यक्ष कृष्णप्रसाद आचार्यले मर्स्र्यादी, दोर्दी लगायतका क्षेत्रमा पदमार्ग पहिचान गरिएकोले प्रबर्द्धन गर्न आग्रह गर्नुभयो । सचिव तिर्थराज सुवेदीले यस बर्ष २ सय २७ जनालाई प्रशिक्षण गराईएको बताउनु भयो । साउन र भदौं महिनामा टानले जनशक्ति उत्पादन तथा पर्यटन सम्बद्ध व्यक्तिहरुको क्षमता अभिबृद्धि गर्न विभिन्न तालिम संचालन गर्दै आएको टान गण्डकीका अध्यक्ष धर्मराज पन्थीले जनाउनुभयो ।

## पोखरामा पनि जनैपूर्णिमा पर्व मनाइयो

पोखरापत्र संवाददाता
पोखरा, ३ भदौं




पोखरामा पनि जनपूर्णि (रक्षाबन्धन) पर्व मनाइयो । पोखरा क्षेत्रमा पनि आज बिषेश गरी राखि बाध्ने तथा रक्षाबन्धन लगाउदै जनैपूर्णिमा पर्व मनाइएको हो ।

ईश्वरीय विश्व विद्यालय क्षेत्रीय (ओम शान्ति) कार्यालय नयाँबजारमा आज( सोमबार) सरकारी कार्यालयका उच्चपदस्थ कर्मचारी, राजनीतिक दलका नेता, उद्योगी व्यवसायी लगायतका पोखरेलीहरु राखी बाध्न आउनु भएको संयोजक एवं विश्वबिद्यालयको महासचिव सैलेस बरालले बताउनु भयो । पोखरामा आफ्ना ओम शान्तिका २५ वटा भन्दा बढी शाखामा रक्षाबन्दन कार्यक्रम बिहानैबाट संचालन भएको उहाँले बताउनु भयो । आपसी सद्भावना, स्नेह र पवित्रताको प्रतिज्ञाको प्रतिकको रुपमा मनाइने रक्षाबन्धन (जनैपूर्णिमा) को अवसरमा समाजका विभिन्न व्यत्ति तथा संघ संस्थाका पदाधिकारीहरुको सहभागिता रहेको संयोजक बरालले बताउनु भयो । ब्रह्माकुमारी नेपालका अध्यक्ष एवं निर्देशक राजयोगिनी ब्रह्माकुमारी परणिता दिदीले आगन्तुक दाजुभाई दिदीबहीनीहरुलाई राखि बाध्नु भएको थियो । पछिल्लो समयमा राखि बाध्ने प्रचलनले गर्दा तागो प्रचलन निकै कम रहेको छ । तागोधारीले जनैपूर्णिमा पर्वको अवसरमा नयाँ जनै फेर्ने गर्नुहुन्छ । पोखराका विभिन्न बजारमा राखि बिक्रि गर्नेहरुको भिड रहेको छ । जनैपूर्णिमा पर्वको अवसरमा मिठामिठा खानेकुरा समेत खाने प्रचलनले गर्दा मिठाई मसल तथा फलफुल पसलमा समेत केही भिडभाड भएको थियो ।

## तनहुँमा करिब आठ करोड विद्युत् बक्यौता

पोखरापत्र संवाददाता
तनहुँ, ३ भदौं

नेपाल विद्युत् प्राधिकरण तनहुँ वितरण केन्द्रमा करिब रु आठ करोड विद्युत् बक्यौता बाँकी रहेको छ । आर्थिक वर्ष २०८०/८१ मा केन्द्रमा रु सात करोड ९७ लाख ७६ हजार एक सय एक बक्यौता रहेको हो ।

सबैभन्दा बढी अन्य, कालोसूचीतर्फका ग्राहकबाट रु तीन करोड ९७ लाख ६६ हजार छ सय ६० बक्यौता उठाउन बाँकी रहेको केन्द्रका प्रमुख विजय रेग्मीले जानकारी दिनुभयो । उहाँका अनुसार गार्हस्थ्यतर्फ रु एक करोड ६७ लाख ८३ हजार नौ सय ५९, गैरव्यापारिकतर्फ रु ४० लाख ८४ हजार नौ सय, औद्योगिकतर्फ रु एक करोड २४ लाख ४४ हजार दुई सय ४२, सडक बत्तीतर्फ रु एक करोड १४ लाख ६७ हजार तीन सय १७, खानेपानीतर्फ रु ८९ हजार पाँच सय ९२, चार्जिङ स्टेसनतर्फ रु ४५ हजार दुई सय चार सय ९९, सिचाइँतर्फ रु ३६ हजार सात सय चार, मन्दिरतर्फ रु ४१ हजार पाँच सय ९२ बक्यौता बाँकी छ ।

आर्थिक वर्ष २०७९/८० मा रु आठ करोड ५५ लाख ६० हजार

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# एक वर्षमा १७ किलोमिटर सडक कालोपत्र

**पोखरापत्र संवाददाता**
तनहुँ, ३ भदौं

पूर्वाधार विकास कार्यालय तनहुँले एक वर्षमा १७ दशमलव सात किलोमिटर सडक कालोपत्र गरेको छ।

कार्यालयले गत आर्थिक वर्षमा ३० किमी सडक कालोपत्र गर्ने लक्ष्य राखेकामा १७ दशमलव सात किमी कालोपत्र गरिएको जनाएको छ।

कार्यालय प्रमुख कृष्ण आचार्यका अनुसार आर्थिक वर्ष २०७९/८० मा ३७ दशमलव तीन किमी सडक कालोपत्र भएको थियो। गत आवमा १० दशमलव पाँच किमी कच्ची सडक निर्माण गर्ने लक्ष्य रहेकामा सात दशमलव छ किमी निर्माण भएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार ४६ किमी ग्राभेल सडक निर्माण गर्ने लक्ष्य रहेकामा ३५ दशमलव दुई, २० किमी चौडाइ गर्ने लक्ष्य रहेकामा १३.२३, ३० किमी नाला निर्माण गर्ने लक्ष्य रहेकामा २४.८२ किमी नाला निर्माण भएको छ।

गत आवमा १९ हजार ३७ घनमिटर टेवा पर्खाल, छवटा कजवे, चारवटा सडक पुल निर्माण तथा चारवटा भवन मर्मत गरिएको आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार अघिल्लो आवमा २७.४ किमी कच्ची सडक, ८८.२५ किमी ग्राभेल, ३७.३ किमी कालोपत्र, ८९.२ किमी चौडाइ विस्तार र ११२.२५ किमी नाली निर्माण गरिएको थियो।

कार्यालयले गत आवमा १४ बहुवर्षीय योजना सम्पन्न गरेको प्रमुख आचार्यले जानकारी दिनुभयो । तीमध्ये दश सडक र चारवटा पुलको योजना रहेका थिए। त्यस्तै ३९ बहुवर्षीय योजना सम्पन्न हुन बाँकी छन्। आचार्यले आर्थिक वर्ष २०७९/८० मा सडकतर्फ २१, सडक पुलतर्फ पाँच योजना रहेकामा गत आवमा सडकतर्फ २०, सडक पुलतर्फ सात योजना थप भएका बताउनुभयो। सडकतर्फ ३१, सडकपुलतर्फबाट आठ योजना सम्पन्न हुन बाँकी रहेको उहाँले जानकारी दिनुभयो।

सो अवधिमा सडकतर्फ रु एक अर्ब २५ करोड २९ लाख ८८ हजार बजेट रहेकामा रु एक अर्ब सात करोड पाँच लाख ९० हजार बजेट खर्च भएको छ। सडक पुलतर्फ रु २१ करोड ४२ लाख ७४ हजार बजेट रहेकामा रु १९ करोड ५७ लाख चार हजार बजेट खर्च भएको पूर्वाधार विकास कार्यालयले जनाएको छ। सहरी विकास तथा भवनतर्फ रु ४० लाख तीन हजार बजेट रहेकामा रु ३० लाख तीन हजार, पुँजीगत अनुसन्धान तथा परामर्शमा रु एक करोड १५ लाख ६० हजार बजेट रहेकामा रु ६० लाख १२ हजार, जनता आवास कार्यक्रममा रु दश लाख बजेट रहेकामा रु ६६ हजार मात्रै बजेट खर्च भएको छ।

**विभिन्न सडक स्तरोन्नति**

पूर्वाधार विकास कार्यालयका प्रमुख आचार्यले पसले फौजदारमार्ग स्तरोन्नतिमा रु ३२ लाख छ हजार, ल्होचाडाँडा कृषि पर्यटन सडकमा रु दुई करोड ७५ लाख ४६ हजार, कालिका मार्ग चिलाउने चौतारा हुँदै सुन्दरबजार जाने सडकमा रु एक करोड दुई लाख ९६ हजार, छाङ थर्पु मोटरमार्ग स्तरोन्नतिका लागि रु ५३ लाख ७६ हजार खर्च भएको जानकारी दिनुभयो । उहाँका अनुसार तालघरे दुम्सीचौर पोखेलफाँट मार्गमा रु एक करोड ३३ लाख ८३ हजार, वाराही रानी मार्ग स्तरोन्नतिमा रु दुई करोड ५७ लाख ३२ हजार, कोटसडक कालीमार्ग सडकमा रु ८० लाख ६९ हजार खर्च भएको छ।

भीमगोफा कृषि सडकमा रु ७१ लाख छ हजार, सालिग्राम कोरिडोर लोकमार्गमा रु नौ करोड एक लाख ७६ हजार, बरादी गिरानचौर हिलेखर्क सडकको डुम्रीडाँडा समस्तीपुर सडकखण्डमा रु ६५ लाख ८४ हजार, बुल्दीखोला पुल शेरा रामथुक्कीमा रु ६६ लाख २ ९ हजार, ब्याङ्दीखोला कल्भर्ट योजनामा रु ३२ लाख ४१ हजार, खहरेखोला सडक पुलका लागि रु दुई करोड ६५ लाख ६७ हजार र लुम्दीखोला पुलका लागि रु २५ लाख ८२ हजार बजेट खर्च भएको कार्यालय प्रमुख आचार्यले जानकारी दिनुभयो।



जनै मन्त्रदै पुरोहित : पोखराको केदारेश्वर मन्दिर परिसरमा जनैपूर्णिमाका अवसरमा जनै मन्त्रने कर्म गर्दै पुरोहितहरु। तस्बिर : राधिका कँडेल / रासस

# ‘थ्रि मेन ए साइड’ पुरुष भलिबलमा हल्लनचोक स्पोर्टस् क्लब च्याम्पियन

**पोखरापत्र संवाददाता**
पोखरा, ३ भदौं



पोखरा महानगरपालिका ६ हल्लनचोक सम्पन्न ‘थ्रि मेन ए साइड’ पुरुष भलिबल प्रतियोगितामा आयोजक हल्लनचोक स्पोर्टस् क्लब च्याम्पियन बनेको छ।

हल्लनचोक भलिबल कोर्टमा आज भएको फाइनल खेलमा युके लण्डन टिमलाई २१-१० र २१-१८ को सोझो सेटमा हराउँदै आयोजक टिम ‘ए’ च्याम्पियन बनेको हो । च्याम्पियन बनेसँगै हल्लनचोक स्पोर्टस् क्लबले नगद रु ४० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्‍यो। यस्तै उपविजेता बनेको युके लण्डनले नगद रु २५ हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र हात पार्‍यो।

उक्त प्रतियोगिताबाट आयोजक टिमका सञ्जु विक्रम शाह सर्वोत्कृष्ट खेलाडीका रुपमा जर्सीसहित पुरस्कृत भए। यस्तै उत्कृष्ट सर्भरमा सोही टिमकै देवेन्द्र परियार र उत्कृष्ट ब्लकरका रुपमा सञ्जोग परियार पुरस्कृत भए। यस्तै उत्कृष्ट सेटरमा युके लण्डनका विवश आलेमगर र सोही टिमकै रुपमा किसान गुरुङ उत्कृष्ट स्पाइकरका रुपमा पुरस्कृत भए । विजेता तथा उपविजेता टोलीलाई समापन समारोहका प्रमुख अतिथिसमेत रहेका वडा प्रहरी कार्यालय बैदामका प्रहरी प्रमुख प्रहरी नायव उपरीक्षक सन्तोष निरौला, आयोजक संस्थाका अध्यक्ष सुजन गुरुङ, आर्थिक सहयोगीदाता लगायतले पुरस्कार वितरण गरे । प्रतियोगिताको प्रथम पुरस्कार हङकङ निवासी सिर थापा सारुमगर र द्वित्तीय पुरस्कार एवान गाउँशहर दोहोरी साँझले प्रायोजन गरेको थियो।

हल्लनचोक स्पोर्टस् क्लबले गत १ गतेदेखि ‘स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद’ भन्ने नारासहित आयोजना गरेको प्रतियोगितामा कुल २७ टिमको सहभागिता रहेको थियो।

कार्यक्रमको सञ्चालक क्लबका सचिव अशोक थापामगरले गरेका थिए।

# भैरहवा ...

थियो। नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले थाई एयर एसियालाई थाइल्यान्डबाट नेपाल उडान गर्न अनुमति दिएको छ। क्यानले थाई एयर एसियालाई सातामा चार उडान भैरहवाबाट र तीन उडान काठमाडौँबाट गर्ने स्वीकृति दिएको हो । उक्त एयरलाइन्सले आगामी असोज ४ गतेदेखि उडान गर्नेगरी अनुमति लिएको जनाइएको छ। कुवेतको जाजिरा एयरले पनि आगामी असोज ९ गतेदेखि गौतमबुद्ध विमानस्थलमा पुनः उडान गर्नेगरी क्यानसमक्ष कागजात पेस गरेको विमानस्थलले जनाएको छ । उक्त एयरलाइन्सले सातामा तीन उडान गर्नेगरी अनुमति मागेको छ। एयरलाइन्सले विगतमा १० महिना उडान गरेर उडान स्थगित गरेको थियो । गौतमबुद्ध अन्तर र्राष्ट्रिय विमानस्थल विसं २०७९ जेठ २ गतेदेखि सञ्चालनमा आएको थियो भने त्यसको छ महिनापछि पोखरा अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटन गरिएको थियो । भैरहवामा केही समय अन्तर्राष्ट्रिय उडान भए पनि पोखरा विमानस्थलमा चार्टर उडानबाहेक व्यावसायिक अन्तर्राष्ट्रिय उडान भएको छैन।

# श्री भगवतीटार आमा समुहको अध्यक्षमा कुमारी गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, ३ भदौं



पोखरा महानगरपालिका वडा नं १५ द्वारेखरबारी स्थित श्रीभगवतीटार आमा समुहको छैटौं साधारण सभा तथा तेस्रो अधिबेशनले कुमारी गुरुङको अध्यक्षतामा ९ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ।

समुहको उपाध्यक्षमा कान्ति गुरुङ, सचीवमा सिता रानाभाट, सहसचिवमा सलिना गुरुङ, कोषाध्यक्षमा अनिता गुरुङ र सदस्यहरुमा सुकुमी गुरुङ, पार्वती कार्की, विष्णु गुरुङ र पुष्पा गुरुङ सर्वसम्मत चयन गरिएको छ।

अधिबेशनका प्रमुख अतिथि पोखरा १५ का वडा अध्यक्ष तोरण बहादुर बानियाँले उद्घाटन गर्दै आमा समुहले गरेका सामाजिक कार्यको प्रशंसा गर्दै वडाबाट हुने तथा व्यक्तिगत सहयोग गर्न प्रतिवद्धता व्यक्त गरेका थिए। सो अबसरमा राष्ट्रिय भुमि अधिकार मञ्च कास्कीका संरक्षक आस बहादुर गुरुङ, नेपाली कांग्रेस पोखरा १५ का सभापति सुशील पराजुली, राष्ट्रिय भुमि अधिकार मञ्च गण्डकी प्रदेश अध्यक्ष राम लामिछाने, भुमि अधिकार तथा श्रमिक संगठन पोखरा महानगरपालिकाका अध्यक्ष टेकबहादुर पुन, स्वतन्त्र पत्रकार संघ कास्कीका अध्यक्ष कृष्ण रानाभाट, सहारा क्लबका उपाध्यक्ष पुर्ण बहादुर गुरुङ, रिभर साइट युवा क्लबका अध्यक्ष नारायण भण्डारी, समुहकी संस्थापक अध्यक्ष भिम कुमारी गुरुङ, सेतिगंगा आमा समुहकी अध्यक्ष रमा रानाभाटले शुभकामना मन्तव्य राखेका थिए । समुहकी सचिव कुमारी गुरुङले संस्थाले गरेका गतिविधि तथा प्रगति प्रतिबेदन र कोषाध्यक्ष सुस्मिता गुरुङले आर्थिक प्रतिबेदन प्रस्तुत गरेका छन।

कार्यक्रममा समाजसेवी लिला लामिछाने, भलिबल प्रशिक्षकद्वय ठाकुर प्रसाद गुरुङ र रामबहादुर थापा, एस ई इ उत्तीर्ण छोराछोरीहरु अञ्जिला गुरुङ, महेश गुरुङ र वासिकल गुरुङलाई सम्मानपत्र द्वारा सम्मान गरिएको थियो । समुहकी अध्यक्ष शशि गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष र संचालन सचीव कुमारी गुरुङले गरेकी थिइन्।

# तनहुँ ...

चार सय बक्यौता बाँकी थियो। त्यसमध्ये रु ५७ लाख ८४ हजार दुई सय ९८ बक्यौता उठेको रेग्मीले बताउनुभयो । उहाँका अनुसार जिल्लामा विद्युत्का ५१ हजार सात सय १७ ग्राहक पुगेका छन् । आर्थिक वर्ष २०७९/८० सम्म ५० हजार तीन सय ७२ ग्राहक रहेकामा गत आवमा एक हजार तीन सय ४५ ग्राहक थपिएका हुन्। केन्द्रका प्रमुख रेग्मीका अनुसार गार्हस्थ्यतर्फ एक हजार दुई सय २५, गैरव्यापारिकतर्फ २१, औद्योगिकतर्फ दुई, सिचाइँतर्फ ४०, खानेपानीतर्फ १८, चार्जिङ स्टेसनतर्फ दुई, सडकबत्तीतर्फ २४, मन्दिरतर्फ आठ र अन्यतर्फ १२ ग्राहक थपिएका छन्।

हाल गार्हस्थ्यतर्फ ४९ हजार ३०, गैरव्यापारिकतर्फ पाँच सय ४६, व्यापारिकतर्फ तीन सय ४०, औद्योगिकतर्फ सात सय ७६, सिचाइँतर्फ तीन सय ५६, खानेपानीतर्फ एक सय ८८, चार्जिङ स्टेसनतर्फ दुई, सडकबत्तीतर्फ एक सय ६९, मन्दिरतर्फ दुई सय तीन र अन्यतर्फ एक सय सात ग्राहक रहेका केन्द्रले जनाएको छ।

केन्द्रले गत आवमा पाँच करोड ४० लाख ५९ हजार दुई सय १२ युनिट विद्युत् बिक्री गरेको छ । आव २०७९/८० मा पाँच करोड दश लाख ३२ हजार चार सय ८९ युनिट विद्युत् बिक्री भएको थियो। ग्राहक सङ्ख्या बढेसँगै विद्युत् बिक्री बढेको रेग्मीको भनाइ छ।

# मनसुनी विपद् आजसम्म एक सय ९० जनाको मृत्यु

**रासस**
काठमाडौं, ३ भदौं

भारी वर्षाका कारण आएको बाढी, पहिरो डुवानलगायत मनसुनी विपद्मा परेर सोमबारसम्म एक सय ९० जनाको मृत्यु भएको छ।


पछिल्लो २४ घण्टामा मात्रै आठ जनाले ज्यान गुमाएसँगै गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरोलगायत विपद्मा आजसम्म एक सय ९० जनाको मृत्यभएको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिनुभयो । प्राप्त विवरणअनुसार काठमाडौँ उपत्यकामा तीन, कोशी प्रदेशमा २७, मधेस प्रदेशमा आठ, बागमती प्रदेशमा ३२, गण्डकी प्रदेशमा ५६, लुम्बिनी प्रदेशमा ३६, कर्णाली प्रदेशमा १३ र सुदूरपश्चिम प्रदेशमा १५ जनाको ज्यान गएको छ। प्रवक्ता कार्कीका अनुसार काठमाडौँ उपत्यकामा ११, कोसी प्रदेशमा ३८, मधेस प्रदेशमा १२, बागमती प्रदेशमा २३, गण्डकी प्रदेशमा ४५, लुम्बिनी प्रदेशमा १८, कर्णाली प्रदेशमा ५७ र सुदूरपश्चिम प्रदेशमा ३४ जना गरी दुई सय ३८ जना विभिन्न विपद्मा परी घाइते भएका छन् । सोही अवधिमा एक सय १४ जनाको उद्धार गरिएको छ।

बाढीपहिरोमा परी कोशी प्रदेशमा दुई, मधेस प्रदेशमा एक, बागमती प्रदेशमा ४१, गण्डकी प्रदेशमा दुई, लुम्बिनी प्रदेशमा एक, कर्णाली प्रदेशमा एक र सुदूरपश्चिम प्रदेशमा एक गरी ४९ जना बेपत्ता रहेका प्रहरीले जनाएको छ । बाढीका कारण आजसम्म तीन सय ८४ घर डुबानमा परेका, तीन सय २७ घर, एक सय १२ गोठ, ५१ पुल, चार विद्यालय दुई सरकारी कार्यालयमा क्षति भएको छ। यस्तै, चार हजार आठ सय १९ परिवार विपद्का घटनाबाट विस्थापित भएका प्रहरीले सोमबार सार्वजनिक गरेको विवरणमा उल्लेख छ।


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# शान्ति प्रक्रियाको जग : सिक्लेस

रामबहादुर थापा
पोखरा, ३ भदौं/रासस

"तुल, ब्यानर र झण्डाले गाउँ नै राताम्मे थियो, तत्कालीन जनमुक्ति सेनाले पहरा दिएको थियो", शिक्षक गेहेन्द्र गुरुङले विगत सम्झँदै भन्नुभयो, "सिक्लेस गाउँमा माओवादी शीर्षनेता शिविरमा बसेका थिए ।" यो विसं २०६३ जेठको अन्तिम साताको कुरा हो । कास्कीको उत्तरपूर्वी गाउँ सिक्लेसमा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी)को केन्द्रीय प्रशिक्षण चलिरहेको थियो ।

माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', बाबुराम भट्टराईलगायत उच्च तहका नेताहरू प्रशिक्षणमा सहभागी थिए । "अध्यक्ष दाहाललगायत नेताहरू अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको भवनमा बस्नुभएको थियो, अन्य नेता, कार्यकतासहित समाजघरमा बाँडिएर बसेका थिए", शिक्षक गुरुङले भन्नुभयो । माओवादी र तत्कालीन सात राजनीतिक दलबीच विसं २०६२ मङ्सिरमा भएको १२ बुँदे समझदारीपछि शान्ति प्रक्रियाको जग बसेको ठानिए पनि दुईपटकसम्म भएका शान्तिवार्ता असफल भएका थिए । तथापि १२ बुँदे समझदारीलाई निष्कर्षमा पुर्‍याउन माओवादी र सात राजनीतिक दलका नेताहरू प्रतिबद्ध थिए । नेपाली कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले माओवादीसँगको वार्तालाई सघन रूपमा अगाडि बढाइरहेको थियो । सोही सिलसिलाको एउटा महत्त्वपूर्ण कडीका रूपमा लिने गरिन्छ सिक्लेस वार्तालाई । अध्यक्ष दाहाल भूमिगत जीवनबाट पहिलोपटक सिक्लेसमा सार्वजनिक हुनुभएको थियो । हेलिकप्टर लिएर सिक्लेस पुग्नुभएका तत्कालीन गृहमन्त्री कृष्णप्रसाद सिटौलासहितको सरकारी वार्ता टोली र माओवादी अध्यक्ष दाहालसहितका नेताबीच पर्यटकीय गाउँ सिक्लेसमा विसं २०६३ जेठ २८ मा भेटवार्ता भएको थियो । अध्यक्ष दाहाल र नेता भट्टराई त्यसको दुई दिनअघि नै सिक्लेस पुग्नुभएको थियो । जेठ २८ को सिक्लेस वार्ता नै दशवर्षे द्वन्द्वको बैठान र शान्तिको प्रस्थानबिन्दुका रूपमा चिनिन पुग्यो । सिक्लेस वार्ताको सफलतापछि माओवादी अध्यक्ष दाहाल र बाबुराम भट्टराई विसं २०६३ असार २ गते बालुवाटारमा सार्वजनिक हुनुभएको थियो ।

सोहीदिन बालुवाटारमा माओवादी र सात राजनीतिक दलबीच भएको आठ बुँदे सहमतिका आधारमा विसं २०६३ मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौता भएको थियो । विस्तृत शान्ति सम्झौतापछि संविधानसभा हुँदै मुलुक लोकतान्त्रिक गणतन्त्रसम्म आइपुगेको छ । शान्ति सम्झौतामार्फत द्वन्द्वलाई शान्तिमा रुपान्तरण गरेको माओवादी मूलधारको राजनीतिमा आएको पनि १८ वर्ष बितिसकेको छ ।

बालुवाटारमा पहिलोपटक सार्वजनिक हुनुपूर्व तत्कालीन गृहमन्त्री सिटौलासँग अध्यक्ष दाहाल र नेता भट्टराईबीच सिक्लेसमा रहेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)को सभाकक्षमा भेटवार्ता भएको थियो । त्यो बेला जनमुक्ति सेनाबाट नेताहरूको सुरक्षार्थ सिक्लेसमै खटिनुभएका नेकपा (माओवादी केन्द्र) कास्कीका इञ्चार्ज दीपक कोइरालाले वार्ता सफल भएपछि विसं २०६३ असार २ गते अध्यक्ष दाहाल र नेता भट्टराई बालुवाटारमा सार्वजनिक भएको बताउनुभयो । "वार्तामा समझदारी जुटेपछि गृहमन्त्री सिटौला काठमाडौँ फर्किनुभयो, पुन असार २ गते उहाँ आएपछि अध्यक्ष दाहालसहितका नेताहरू पोखराको लामाचौरबाट हेलिकप्टरमा काठमाडौँ जानुभएको हो", उहाँले भन्नुभयो । इञ्जार्च कोइरालाले अध्यक्ष दाहालसहितका नेताहरू सिक्लेसबाट हिँडेरै पोखरा महानगरपालिका-१६ मा पर्ने लामाचौरमा आएको सुनाउनुभयो ।

जनमुक्ति सेनाको सुरक्षा घेराबीच सिक्लेस वार्ता भएको उहाँले बताउनुभयो । पार्टी प्रशिक्षण र सांस्कृतिक कार्यक्रमको सुरक्षार्थ जनमुक्ति सेना सिक्लेसमा खटिएका थिए । माओवादी अध्यक्ष दाहालले सिक्लेसमा सार्वजनिक मञ्चबाट पहिलोपटक भाषण गरेको इञ्चार्ज कोइरालाले बताउनुभयो ।

"शान्ति प्रक्रिया टुङ्गोमा पुग्दै गर्दा सिक्लेस बिर्सन नहुने ठाउँ हो, त्यहाँ भएको वार्ताले विस्तृत शान्ति सम्झौतासम्मको बाटो तय गरेको थियो", इञ्चार्ज कोइरालाले भन्नुभयो, "राजनीतिक दलहरूबीचको बृहत् सहमतिका साथ टिआरसी विधेयक पारित भएकाले अब शान्ति प्रक्रियाका बाँकी कामले छिट्टै निकास पाउनेछ र देश दिगो शान्ति र स्थिरतामार्फ अगाडि बढ्नेछ ।"

बेपत्ता पारिएका व्यक्तिको खोजबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन संशोधन (टिआरसी) विधेयक बुधबार प्रतिनिधिसभाबाट पारित भएसँगै शान्ति प्रक्रिया निष्कर्षतिर अगाडि बढेको छ । तत्कालीन सरकार र नेकपा (माओवादी)बीच विस्तृत शान्ति सम्झौता भएको १८ वर्षपछि सङ्क्रमणकालीन न्याय निरुपण टुङ्गोमा पुग्ने अवस्था बनेको हो । मादी गाउँपालिका-१ सिक्लेसका वडाध्यक्ष देवीजङ्ग गुरुङले सिक्लेसबाट सुरु भएको शान्ति स्थापनाको पहलले अन्तिम रूप लिन लागेकामा खुसी व्यक्त गर्नुभयो । "शान्ति वार्ता हुँदा म भर्खर ७ कक्षामा पढ्दै थिएँ, माओवादीले विद्यार्थीलाई पनि कार्यक्रममा लैजान्थे, एक किसिमको त्रास त थियो, तर सिक्लेसमा ततकालीन द्वन्द्वका समयमा कुनै अप्रिय घटना भने भएन", वडाध्यक्ष गुरुङले भन्नुभयो, "शान्ति प्रक्रियाको एउटा महत्त्वपूर्ण परिघटनाको साक्षी सिक्लेस गाउँ र यहाँका बासिन्दा पनि हुन् ।" जोखिमका बीच पनि गाउँलेले माओवादीका नेता, कार्यकर्तालाई आतिथ्यता दिएर महत्त्वपूर्ण योगदान गरेको उहाँको भनाइ छ । "माओवादी कार्यकर्ताले स्थानीय बासिन्दाको काममा पनि सघाउने गर्थे, कोदो रोप्दा, रोपाइँमा साथ लागेर काम गर्थे", वडाध्यक्ष गुरुङले भन्नुभयो । सिक्लेस भएको वार्ताको स्मरण र शान्ति प्रक्रियाको प्रारम्भस्थलको प्रतीकका रूपमा वार्ता भएकै ठाउँमा शान्ति स्मारकसमेत निर्माण गरिएको उहाँले बताउनुभयो । मादी गाउँपालिकाको आर्थिक सहयोग र जनश्रमदान जुटाएर 'एक्याप'को कार्यालय परिसरमा निर्माण गरिएको शान्ति स्मारकको विसं २०७५ मङ्सिर २४ गते माओवादी अध्यक्ष दाहालले नै अनावरण गर्नुभएको थियो । तत्कालीन गृहमन्त्री एवं सरकारी वार्ता टोलीका संयोजक सिटौला पनि शान्ति स्मारकको अनावरणमा पुग्नुभएको थियो । शान्ति स्मारकछेउ गुरुङ संस्कृति झल्काउने गोलघर पनि निर्माण गरिएको वडाध्यक्ष गुरुङले बताउनुभयो । उक्त गोलघरलाई शान्ति सङ्ग्रहालयका रूपमा विकास गर्ने योजना रहेको उहाँले सुनाउनुभयो । सिक्लेस पुग्ने पर्यटकका लागि शान्ति स्मारकले पनि नयाँ आकर्षण थपेको उहाँले बताउनुभयो । स्मारक अनावरणका क्रममा सिक्लेस आउँदा माओवादी अध्यक्ष दाहालले सिक्लेसको विकासका लागि पहल लिने प्रतिबद्धता जनाए पनि अपेक्षित उपलब्धि हासिल नभएको वडाध्यक्ष गुरुङले बताउनुभयो । माओवादी अध्यक्ष एवं पूर्वप्रधानमन्त्री दाहालले त्यो बेला सिक्लेसलाई शान्ति प्रक्रियासँग जोडिएको ऐतिहासिक महत्वको स्थलका रूपमा विकास गरिने बताउनुभएको थियो ।

शान्ति प्रक्रियालाई सम्झाउने सिक्लेस पर्यटकीय दृष्टिले उत्तिकै महत्त्वपूर्ण छ । हिउँचुलीको काखमा झुरुप्प परेको बस्तीले सिक्लेसलाई मनप्रिय बनाएको छ । वरिपरि हरिया वनपाखा र खर्क त्यहाँका आकर्षण हुन् । सिरसिरे लेकाली हावा । उस्तै चराको चिरबिर । तलपट्टि सुसाइरहेको मादीखोला । सिक्लेसको भूगोल आफैँमा चित्रमय लाग्छ । हरेक ऋतुकालमा भिन्न विशेषतामा खुल्ने यो गुरुङ बाहुल्य गाउँ प्रकृति र संस्कृतिको सङ्गम हो । ग्रामीण पर्यटनको अनुपम धरोहर हो ।

पर्यटकीय राजधानी पोखराबाट ४१ किमी दूरीमा पर्ने सिक्लेस पदयात्राका लागि बढी लोकप्रिय छ । पदयात्री सिक्लेसबाट अन्नपूर्ण हिमालको काखमा रहेको कपुचे हिमताल हुँदै तीन हजार आठ सय मिटरको कोरी लेकसम्म पुग्ने गरेका छन् । सिक्लेसबाट तस हुँदै कोरी र कपुचे हिमताल हुँदै कोरी जाने दुईटा पदमार्ग छन् । वडाध्यक्ष गुरुङले दुई दशकअघि सिक्लेसमा पर्यटन व्यवसायको जग बसेको बताउनुभयो । उहाँका अनुसार सिक्लेस, कोरीलगायतका क्षेत्रमा दर्जनौँ होमस्टे र होटल सञ्चालनमा छन् । सिक्लेस पुग्ने पर्यटक गुरुङ सङ्ग्रहालय, शान्ति स्मारक, सिक्लेस उद्यान, हिमालको दृश्यावलोकन, गुरुङ जातिको मन्दिर, मौलिक संस्कृति, वेशभूषा, झाँकी, नाचगीत आदिमा रमाउँछन् । पदयात्रा रुचाउने पर्यटकले छोटो र लामो दूरीको पदयात्रा तय गर्छन् । पोखराबाट दुई/अढाइ घण्टाको मोटरयात्रामा सिक्लेस पुगिन्छ । पोखरा-सिक्लेस सडक स्तरोन्नति भइरहकाले यातायात सेवा पनि सहज बन्दै गएको छ ।

# मङ्कीपक्स सङ्क्रमणको जोखिममा नेपाल

रासस
काठमाडौं, ३ भदौं

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मङ्कीपक्स सङ्क्रमणको जोखिममा नेपाल रहेको जनाएको छ ।

मङ्कीपक्स भाइरसको सङ्क्रमण छिमेकी देश भारतमा द्रुत रूपमा फैलिरहेकाले जोखिम रहेको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिनुभयो । "नेपालमा अघिल्लो वर्ष एक जना विदेशी ६० वर्षीया महिलामा मङ्कीपक्स सङ्क्रमण देखिएकाले पनि नेपाल मङ्कीपक्स सङ्क्रमणको जोखिम नरहेको भन्न सकिदैन", उहाँले भन्नुभयो । उहाँले मङ्कीपक्सको पूर्वतयारीबारे मन्त्रालयले विषय विज्ञसँग सुझाव लिइसकेको बताउनभयो । मन्त्रालयले हवाई तथा सीमा नाकामा रहेका हेल्थ डेस्क तथा सरुवा रोगको निगरानी गर्न सङ्घ, प्रदेश र स्थानीय तहलाई निर्देशन दिइसकेको प्रवक्ता डा बुढाथोकीले जानकारी दिनुभयो । उहाँका अनुसार मन्त्रालयले सातवटै प्रदेशमा रोगको रोकथाम र व्यवस्थापनका लागि अस्पताल र चिकित्सक तोकेको छ । केही दिनयता अफ्रिकी मुलुक कङ्गोमा मङ्कीपक्स भाइरसका घातक प्रजाति 'क्लेड १ वी' फैलिरहेको छ । मन्त्रालयका अनुसार जनवरी यतामात्र उक्त भाइरसका कारण पाँच सय ४८ जनाको मृत्यु भइसकेको छ । विश्व स्वास्थ्य सङ्गठनले पनि मङ्कीपक्स सङ्क्रमण बढिरहेकाले विश्वव्यापी जनस्वास्थ्य आपतकालिन् घोषणा गरेको छ ।

सर्ने तरिका

मङ्कीपक्स सङ्क्रमित भएको व्यक्ति वा सङ्क्रमित पशुसँगको सम्पर्कमा आउँदा, मानिसको घाउ, खटिरा, बिमिराको सम्पर्कबाट, शरीरमा निस्किएको तरल पदार्थ थुक, र्‍यालको सम्पर्कबाट, सङ्क्रमित बाँदर, मुसा लोखर्केलगायत जनावरबाट र भाइरस रहेको ओछ्यान र लुगाबाट सर्दछ ।

लक्षण

मङ्कीपक्स सङ्क्रमण भएमा ज्वरो आउने, सामान्यतया ज्वरो आएको एकदेखि तीन दिनभित्रमा छाला, अनुहार, हत्केला र पैतलामा डाबर देखापर्ने, डाबर परिवर्तन भई फोका हुँदै पाप्रा लागेर उप्किने, टाउको, ढाड र मांसपेशी दुख्ने र शरीरका ग्रन्थीहरू बढ्ने गर्दछन । आँखामा सङ्क्रमण भई दृष्टि गुम्ने, निमोनिया, मस्तिष्क ज्वरो, गर्भ खेर जाने र मृत्यु हुन सक्दछ । मन्त्रालयको पूर्वतयारी प्रतिकार्य र व्यवस्थापन भएता पनि नागरिकबाट जनस्वास्थ्यका मापदण्ड पालना भए मात्र मङ्कीपक्स सङ्क्रमणको रोकथाम र नियन्त्रण गर्न सम्भव हुने जनाइएको छ ।

# लमजुङमा ३८ हजार मेट्रिकटन आलु उत्पादन्

पोखरापत्र संवाददाता
लमजुङ, ३ भदौं

जिल्लामा ३७ हजार आठ सय ५९ मेट्रिकटन आलु उत्पादन भएको छ । गत आर्थिक वर्ष २०८०/८१ मा दुई हजार दुई सय ८५ हेक्टर क्षेत्रफलमा गरिएको आलु खेतीबाट उक्त परिमाणमा आलु उत्पादन भएको कृषि ज्ञान केन्द्र लमजुङले जनाएको छ ।

केन्द्रका सूचना अधिकारी एवं बाली संरक्षण अधिकृत विजयराज पौडेलले अघिल्लो वर्षको तुलनामा आलु खेतीको क्षेत्रफल घटे पनि आलु उत्पादन वृद्धि भएको बताउनुभयो । अघिल्लो आव २०७९/८० मा दुई हजार छ हेक्टर क्षेत्रफमा २१ हजार नौ सय ३९ मेट्रिकटन आलु उत्पादन भएको थियो । सूचना अधिकारी पौडेलका अनुसार आव २०७९/८० मा प्रतिहेक्टर ११ टन आलु उत्पादन भएको थियो । आव २०८०/८१ मा प्रतिहेक्टर १६ दशमलव ५७ टन आलु उत्पादन भएको छ । आव २०७८/०७९ मा एक सय हजार नौ सय ३६ हेक्टर क्षेत्रफल जमिनमा गरिएको आलु खेतीबाट २१ हजार एक सय मेक्ट्रिकटन उत्पादन भएको थियो । आव २०७७/७८ मा १९ हजार पाँच सय हेक्टर क्षेत्रफलमा आलु खेति गरिएकामा २० हजार नौ सय २९ मेट्रिकटन आलु उत्पादन भएको ज्ञान केन्द्रको तथ्याङ्कमा उल्लेख छ । जिल्लामा आलु खेती विस्तार गर्न ज्ञान केन्द्रले कार्यक्रम सञ्चालन गरेको छ । गत आवदेखि जिल्लाका तीन स्थानीय तहमा खायन जातको आलु खेती विस्तार गरिएको छ । गत आवमा कृषि ज्ञान केन्द्रमार्फत सुन्दरबजार नगरपालिका-१०, राइनास नगरपालिका- ३, ४ र ६ र मध्यनेपाल नगरपालिका-४ र १० का कृषक समूहसँग सम्झौता गर्दै आलु खेती विस्तार गरेको थियो ।

निर्वाहमुखी आलु खेती गर्दै आएका कृषकहरू गत आवदेखि व्यावसायिक हुन थालेका छन् । रैथाने र उन्नत जातको आलु उत्पादन बढी हुने भएकाले प्रदेश सरकारले गत आर्थिक वर्षदेखि खायन आलुको उत्पादन वृद्धि गर्ने गरी कार्यक्रम ल्याएको केन्द्रले जनाएको छ । कार्यक्रमअन्तर्गत कृषकलाई उन्नत जातको आलुको बीउ, सिँचाइ सामग्री उपलब्ध गराउने, आलु लगाउने प्रविधि हस्तान्तरण गर्दै आएको छ । जिल्लामा आलु उत्पादन हुँदै आए पनि उपभोगका लागि बाहिरी जिल्लाबाट समेत ल्याइने गरिएको छ ।

जिल्लाको सुन्दरबजार, राइनास, बैँसीसहर र मध्यनेपाल नगरपालिकालाई हिउँदे आलु उत्पादन पकेट क्षेत्र घोषणा गरिएको छ । मर्स्याङ्दी, दुधपोखरी र क्व्होलासोथार गाउँपालिकालाई वर्खे आलुको मुख्य पकेट क्षेत्र मानिएको छ । जिल्लामा कार्डिनल, कुख्रेजोती, एमएम फोर्टिटुलगायत जातका आलु खेती किसालने गर्दै आएको किसानको भनाई छ ।

# म्याग्दीका तालतलैयामा र शक्तिपीठमा भक्तजनको घुइँचो

पोखरापत्र संवाददाता
म्याग्दी, ३ भदौं

जनैपूर्णिमा पर्वका अवसरमा लेकाली क्षेत्रमा रहेका तालतलैया र शक्तिपीठमा पूजापाठ गर्ने भक्तजनको घुइँचो लागेको छ । आज जनैपूर्णिमा पर्वका अवसरमा जिल्लाको माथिल्लो लेकाली क्षेत्रका तालतलैया र शक्तिपीठहरूमा बिहानदेखि भक्तजनको चहलपहल बढेको हो ।

अन्नपूर्ण गाउँपालिका-५ पाउद्वारको खयरभारानी, रघुगङ्गा गाउँपालिका-८ को रिखार, वडा नं ७ को कालीबराह काललगायत ठाउँमा सयौँ सङ्ख्यामा भक्तजनहरू पुगेका छन् । हिमाली क्षेत्रमा रहेका बराह, बाराही, भारानी ताल र मन्दिरहरूमा पूजाआजा गरेर वर मागेमा मनोकाङ्क्षा पूरा हुने जनविश्वास रहेको छ । समुद्री सतहबाट चार हजार ६ सय ३० मिटर उचाइमा अवस्थित खयरभारानीथानमा जनैपूर्णिमाको दिन पूजा गर्न म्याग्दीका साथै छिमेकी जिल्लाबाट समेत उल्लेख्य मात्रामा भक्तजन पुगेका अन्नपूर्ण-५ का वडाध्यक्ष राजेश तिलिजा पुनले जानकारी दिनुभयो । उहाँका अनुसार मौसम अनुकूल भएपछि विगतका वर्षको तुलनामा उल्लेख्य मात्रामा भक्तजन र तीर्थयात्री खयरलेक पुगेका छन् ।

"खयरलेक पुग्न कम्तीमा दुई दिनको पैदलयात्रा गर्नुपर्छ, कतिपय तीर्थयात्रीहरू चार दिन अगाडिबाटै खयरतर्फ लागेका थिए, खयरको महिमाको प्रचारप्रसारले हरेक वर्ष भक्तजनको सङ्ख्या बढ्दो छ, भक्तजनहरूलाई अस्थायी आवासको व्यवस्थापन मिलाउन समेत कठिन भएको छ", वडाध्यक्ष तिलिजाले भन्नुभयो ।

पाउद्वार हुँदै खयरभारानी जाने तीर्थयात्री खोप्रामा पर्यटन सहकारीमार्फत सामुदायिक लजका साथै खयरभारानी क्षेत्र संरक्षण समितिले बनाएको अस्थायी टेन्टमा आश्रय लिएर बस्ने व्यवस्था मिलाइएको उहाँले बताउनुभयो । साथै खयरखोलामा पनि अस्थायी रूपमा बसोबासको प्रबन्ध मिलाइएको छ ।

रघुगङ्गा गाउँपालिका-८ मा धौलागिरि हिमालको काखमा करिब चार हजार पाँच सय मिटर उचाइमा अवस्थित रिखारमा पनि उल्लेख्य मात्रामा भक्तजन पुगेका छन् । रिखार जाने अन्तिम बस्ती पाल्लेखर्कबाट एक दिनको पैदल यात्रामा पुग्न सकिने भए पनि भक्तजनहरू दुई दिनअघिबाटै त्यसतर्फ जान थालेका थिए ।

रिखार संरक्षण समितिका अध्यक्ष चित्र छन्त्यालले आइतबार अधिकांश भक्तजन रिखार परिसरमा आएर बास बसेका बताउँदै आज बिहानदेखि लाइनमा बसेर पूजाआजा गर्न थालेका जानकारी दिनुभयो । विगतका वर्षको तुलनामा भक्तजनको आगमन बढेको उहाँको भनाइ छ । पानीको तलाउमा रहेको डुङ्गा आकारको ढुङ्गामा निर्मित मन्दिर रहेको रिखार भक्तजन र पर्यटकहरूका लागि अनौठो र आकर्षणका रूपमा रहेको छ । यहाँ जाने तीर्थयात्रीहरू धर्मशाला र भेडिगोठमा आश्रय लिने गर्छन् । आज खयरभारानी, रिखारका साथै चिमखोलाको कालीबराह,नाङ्गीबराही,भगवतीको नौलीबराही र घराम्दीको प्यारी बराहीलगायत थान र तलाउमा बिहानदेखि भक्तजनको घुइँचो लागेको छ ।

# व्यासका आठ सय ९१ लाई अपाङ्गता परिचयपत्र वितरण

पोखरापत्र संवाददाता
तनहुँ, ३ भदौं

जिल्लाको व्यास नगरपालिकाले हालसम्म आठ सय ९१ जनालाई अपाङ्गता परिचयपत्र वितरण गरेको छ । आर्थिक वर्ष २०७९/८० मा आठ सय २१ र गत आर्थिक वर्षमा ७० जनालाई परिचयपत्र वितरण गरेको हो ।

निवेदकले कार्यालयमा निवेदन दिएपछि अपाङ्गता समन्वय समितिको बैठकले व्यक्तिको शारीरिक अवस्था हेरी परिचयपत्र दिने गरिएको नगरपालिकाको महिला बालबालिका, अपाङ्गता तथा ज्येष्ठ नागरिक उपशाखाले जनाएको छ । आव २०७९/८० मा आठ सय २१ जनाले अपाङ्गता परिचयपत्र लिएका उपशाखाकी सहायक महिला विकास निरीक्षक शर्मिला जम्मरकट्टेलले जानकारी दिनुभयो । उहाँका अनुसार 'क' वर्गका एक सय ३६, 'ख' वर्गका तीन सय ५१, 'ग' वर्गका दुई सय २० र 'घ' वर्गका एक सय १४ जना छन् । गत आवमा 'क' वर्गका ११, 'ख' वर्गका २७, 'ग' वर्गका २४ र 'घ' वर्गका आठ जनाले परचयपत्र लिएका उहाँले बताउनुभयो । सङ्घीय सरकारबाट 'क' वर्गका अपाङ्गता भएकलाई मासिक रु तीन हजार नौ सय ९०, 'ख' वर्गलाई रु दुई हजार एक सय २८ र 'ग' वर्गकालाई व्यास नगरपालिकाले वार्षिक रु चार हजार सामाजिक सुरक्षाभत्ता प्रदान गर्दै आएको छ । 'घ'वर्गका अपाङ्गता भएका व्यक्तिलाई भत्ताको सुविधा नभएपनि स्वास्थ्य, यातायातलगायत सेवासुविधा पाउन सहज हुने सहायक महिला विकास निरीक्षक जम्मरकट्टेलले बताउनुभयो । चिकित्सक, नेपाल प्रहरी, अपाङ्गता क्षेत्रबाट तीन र बहिरा संस्थाबाट एक जनाको सहभागितामा समितिको बैठकमा बसेर परिचयपत्र वितरण गरिएको उहाँले जानकारी दिनुभयो ।

नगरभित्रका अपाङ्गता भएका व्यक्तिमध्येबाट समन्वय समितिले मनोनयन गरेका एक महिला सदस्यसहित तीनजनाको सहभागी हुने प्रावधान रहेको सो शाखाले जनाएको छ ।

# ११ दिनपछि सञ्चालनमा आयो बुद्धसिंह मार्ग

पोखरापत्र संवाददाता
तनहुँ, ३ भदौं

पहिरोका कारण एघार दिनदेखि अवरुद्ध तनहुँको बुद्धसिंह मार्ग पुनः सञ्चालनमा आएको छ । तनहुँको बन्दीपुर गाउँपालिकाअन्तर्गतका विभिन्न ठाउँमा पहिरो खस्दा बुद्धसिंह मार्ग पूर्ण रुपमा अवरुद्ध भएको थियो ।

तल्लो सेती जलविद्युत् आयोजनाको सहयोगमा बुद्धसिंह मार्गका विभिन्न ठाउँको पहिरो हटाइएको बन्दीपुर गाउँपालिका-६ निवासी सिद्धान्त गर्जामगरले जानकारी दिनुभयो । उहाँका अनुसार नाल्दीघाट, ढाप, खानीखोला, साराङघाट, पिउघरमा खसेको पहिरा पन्छाइएको छ ।

गर्जामगरले भन्नुभयो, "पटकपटक सडक डिभिजन कार्यालय, पूर्वाधार विकास कार्यालय, बन्दीपुर गाउँपालिकालाई अनुरोध गर्दा उहाँहरूले चासो दिनुभएन । तल्लो सेती जलविद्युत् आयोजनालाई आग्रह गरेपछि उहाँहरूले डोजर उपलब्ध गराइदिनुभएको थियो । आइतबारदेखि पहिरा हटाउन सुरु गरेका थियौँ ।" पहिराले ११ दिनदेखि बाटो अवरुद्ध हुँदा यस भेगका सर्वसाधारणले निकै सास्ती भोग्नु परेको गर्जामगरले बताउनुभयो । बन्दीपुर गाउँपालिका-६ खानीखोलामा पहिरोले बाटो अवरुद्ध हुँदा र खोला बढेर विद्यार्थीलाई विद्यालयसम्म आवतजावत गर्न सास्ती भएको छ । उहाँले भन्नुभयो, "यहाँ पुलको आवश्यकता छ, तर सरोकारवाला यस विषयमा संवेदनशील छैन ।"